# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

## उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा सूचीकृत हुने सम्बन्धमा सूचना ।

**सूचना प्रकाशित मितिः२०८२/०५/०८ गते**

प्रस्तुत विषयमा बेसीशहर नगरपालिका कृषि विकास शाखा र पशुपन्छी तथा मत्स्य विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम तर्फ उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम अन्तरगत कषकहरुलाई उनिहरुले उत्पादन गरेका विविध कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनमा आधारित रही आर्थिक सहायता स्वरूप प्रोत्साहन गरी कृषि पेशातर्फ आकर्षण गर्न अभिप्रेरित गर्दै कृषि तथा पशुपन्छी उत्पादनमा आत्मनिर्भरता हाँसिल गर्ने उद्वेश्यले कृषि तथा पशुपन्छी जन्य वस्तुहरुको उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक कृषक/कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्र ले तपसिल अनुसारको कागजात सहित ३५ दिन भित्र यस कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

- आवेदकको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र प्रमाणपत्रको प्रतिलिपि
- बाली कटानी विधिको हकमा अनुसूची-४ बमोजिमको निवेदन, खेती गरेको जग्गाको क्षेत्रफल खुल्ने कागजात र राजश्व शुल्क रु.२०,
- कृषक/कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्र को हकमा अनुसूची-२ बमोजिमको निवेदन, दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,
- वडा कार्यालयको सिफारिस-पत्र
- कृषक समूह र कृषि सहकारीको हकमा कार्यक्रममा सहभागीता सम्बन्धी बैठकको निर्णय,

ममता अधिकारी
शाखा प्रमुख

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत